# गण्डकी प्रदेशको आन्तरिक सुरक्षा रणनीति

१. परिचयः

नेपालको संविधानले संघीयता कार्यान्वयन गर्ने क्रमसँगै गण्डकी प्रदेशका एघार जिल्लामा कूल ८५ वटा स्थानीय तहहरु समावेश गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउँदै प्रदेश भित्र शान्ति सुरक्षा एवं अमनचयन कायम गर्ने एवं जनताको जिउधनको सुरक्षा गर्ने उद्देश्य लिएको छ। नेपालको संविधानको अनुसूची ६ मा रहेको प्रदेशको अधिकार सूची अन्तर्गत प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा रहेको छ भने अनुसुची ७ मा रहेको संघ र प्रदेशको साझा अधिकार सूची अन्तर्गत देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरवन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था रहेको छ।

नेपालको कूल क्षेत्रफल मध्ये २१,७३३ वर्ग कि.मि. अर्थात् १४.६६ प्रतिशत क्षेत्रफल ओगटेको गण्डकी प्रदेशको पूर्वमा प्रदेश नं. ३ का धादिङ्ग र चितवन जिल्ला, पश्चिममा कर्णाली प्रदेशको डोल्पा जिल्ला र प्रदेश नं. ५ का पूर्वी रुकुम र रोल्पा जिल्ला, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा प्रदेश नं. ५ को पाल्पा जिल्ला र भारतको विहार राज्य पर्दछन्। नेपालको कूल जनसंख्याको २४,०३,०१६ अर्थात् ९.०६ प्रतिशत जनसंख्याको बसोबास रहेको गण्डकी प्रदेशमा भौगोलिक र जनसांख्यिक हिसाबले समेत प्रदेशको सीमा नाकामा भरपर्दो सुरक्षा व्यवस्था कायम गर्दै अन्तर प्रदेश समन्वयबाट शान्ति सुरक्षा एवं सुव्यवस्थालाई विश्वसनीय बनाउन आवश्यक रहेको छ।

गण्डकी प्रदेश स्थित सबै सुरक्षा निकायहरुमा रहेका विद्यमान जनशक्तिमा आवश्यकता अनुसार थप गरेर उपलब्ध जनशक्तिलाई साधन स्रोतयुक्त बनाई सुरक्षा निकायहरुबीच सहकार्य एवं समन्वयलाई अभिवृद्धि गर्दै लैजानुपर्ने आवश्यकता रहेको छ। साथै, संविधान प्रदत्त अधिकार एवं प्रदेश सरकारको कार्यविस्तृतीकरण अनुसारका अधिकारहरुको प्रयोग एवं उपयुक्त कार्यान्वयन गर्दै गण्डकी प्रदेशलाई शान्त र सुरक्षित प्रदेशको रुपमा स्थापना गर्नको लागि शान्ति सुरक्षा एवं सुव्यवस्थालाई भरपर्दो र विश्वसनीय बनाउँदै मानव अधिकारको संरक्षण र जनताको जिउधनको सुरक्षा गर्न नितान्त आवश्यक रहेको छ।

**२. रणनीतिको सोचः**

प्रदेश भित्र मानव अधिकारको संरक्षण गर्दै आन्तरिक शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्नु।

**३. रणनीतिको लक्ष्यः**

प्रदेश भित्र मानव अधिकारको संरक्षण गर्दै भरपर्दो र विश्वसनीय शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गर्नु र सर्वसाधारण जनता र सुरक्षा निकायहरुवीच विश्वासको वातावरण सिर्जना गर्नु यस रणनीतिको लक्ष्य रहेको छ।

**४. रणनीतिको उद्देश्यः**

४.१. प्रदेश भित्र मानव अधिकारको संरक्षण गर्नु,

४.२. प्रदेश भित्र भरपर्दो र विश्वसनीय शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गर्नु,

४.३ प्रदेश भित्र भरपर्दो र विश्वसनीय शान्ति सुव्यवस्था कायम गरी सर्वसाधारण जनता र सुरक्षा निकायहरुवीच विश्वासको वातावरण सिर्जना गर्नु।

**५. रणनीतिको आवश्यकता र औचित्यः**

नेपालको संविधानमा गरिएको संघीय संरचना, राज्यशक्तिको बाँडफाँड एवं नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण अनुसार प्रदेश भित्र भरपर्दो र विश्वसनीय शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गरी मानव अधिकारको संरक्षण गर्न र सर्वसाधारण जनता र सुरक्षा निकायहरुवीच विश्वासको वातावरण सिर्जना गर्न आवश्यक रहेको छ ।

प्रदेशको आन्तरिक शान्ति सुरक्षा व्यवस्थालाई सवल र प्रभावकारी बनाउन प्रदेशमा कार्यरत सुरक्षा निकायहरुको क्षमता विकास गरी उनीहरुको कार्यलाई चुस्त दुरुस्त बनाउन सकेमा मात्रै प्रदेश भित्र शान्ति सुरक्षा एवं सुव्यवस्था प्रभावकारी हुने र सर्वसाधारण जनताको जिउ धनको सुरक्षाको प्रत्याभूती हुने र जनताले संविधान प्रदत्त हक अधिकारको निर्वाध रुपमा उपभोग गर्न सक्दछन् । समाजमा सबै किसिमका आपराधिक गतिविधिको नियन्त्रण गर्न सकिएमा मात्रै जनता र सुरक्षा निकायबीच विश्वासको वातावरण सिर्जना हुने देखिन्छ । साथै प्रदेशमा कार्यरत सबै सुरक्षा निकायहरु बीच समन्वय र सहकार्य गर्न सकिएमा प्रदेशको समग्र आन्तरिक शान्ति सुव्यवस्था मजबुत गर्न थप टेवा पुग्ने देखिन्छ ।

शान्ति सुव्यवस्थाको परम्परागत सोच र अवधारणामा समय अनुकूल परिवर्तन गर्दै नयाँ सोच र प्रविधिको उच्चतम प्रयोग गर्न आवश्यक देखिन्छ भने अधिकृतमूलक प्रणाली अवलम्वन गरी अधिकृतलाई आफ्नो काम, कर्तव्य र जिम्मेवारीप्रति उत्तरदायी बनाउनु पनि उत्तिकै आवश्यक देखिन्छ । यसको लागि प्रदेशको आन्तरिक शान्ति सुरक्षा रणनीति तयार गरी लागू गर्न आवश्यक रहेको देखिन्छ ।

### ६. आन्तरिक सुरक्षा रणनीतिः

गण्डकी प्रदेशले आन्तरिक सुरक्षा रणनीतिको मस्यौदा तयार गरी देहाय बमोजिमका रणनिति लिने तयारी गरिरहेको छ। प्रत्येक रणनीति कार्यान्वयनका लागि कार्यनीति समावेश गरिएको छ।

६.१ प्रदेश प्रहरी ऐन तथा नियमावलीको तर्जुमा गर्ने,
६.२ प्रदेश प्रहरीको गठन गर्ने,
६.३ प्रदेश स्थित सुरक्षा निकायहरुको क्षमता विकास गर्ने,
६.४ प्रदेश भित्र शान्ति सुव्यवस्था र सुशासनको प्रत्याभूति गर्ने ,
६.५ संघ, प्रदेश र स्थानीय सुरक्षा निकायहरुबीच सहकार्य, समन्वय र सहअस्तित्व कायम गर्ने,
६.६ सिमा सुरक्षा कायम गर्ने,
६.७ संगठित अपराधको नियन्त्रण गर्ने,
६.८ औद्योगिक क्षेत्र र विकास आयोजनाहरुको सुरक्षा व्यवस्थापन गर्ने,
६.९ प्रदेश भित्र विपद् व्यवस्थापन गर्ने,
६.१० अधिकारमुखी अवधारणाको प्रवर्द्धन गर्ने,
६.११ मानव अधिकारको संरक्षण गर्ने,
६.१२ प्रदेश भित्र ट्राफिक व्यवस्थापन र सवारी दुर्घटना न्यूनीकरण गर्ने,
६.१३ प्रविधियुक्त सुरक्षा व्यवस्था कायम गर्ने,
६.१४ अधिकृतमूलक सुरक्षा प्रशासन प्रवर्द्धन गर्ने,
६.१५ सुरक्षा निकाय र स्थानीय समुदाय बीच सम्बन्ध विकास गर्ने।

### ७. आन्तरिक सुरक्षा कार्यनीतिः

आन्तरिक सुरक्षा रणनीतिहरुको कार्यान्वय गर्न प्रत्येक रणनीति अन्तर्गत कार्यनीति समावेश गरी कार्यक्रम मार्फत् रणनीतिले अवलम्वन गरेको सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न खोजिएको छ।

**७.१. प्रदेश प्रहरी ऐन तथा नियमावली को तर्जुमा गर्ने (रणनीति ६.१ सँग सम्वन्धित)**

१. संघीय प्रहरी ऐन अनुरुप प्रदेश प्रहरी ऐन तथा नियमावली निर्माण गर्ने,
२. प्रहरी ऐन निर्माण गर्दा प्रदेश प्रहरीको परिचालन, काम, कर्तव्य एवं जिम्मेवारी उल्लेख गर्ने,
३. प्रहरी ऐनमा प्रहरीको सेवा, समूह गठन, वृत्ति विकास एवं विभागीय कारवाही उल्लेख गर्ने,
४. प्रहरी नियमावलीमा प्रदेश प्रहरीको पोशाक, दर्ज्यानी चिन्ह, सरुवा, बढुवा, तालिम उल्लेख गर्ने,

५. प्रदेश प्रहरी संचालन निर्देशिका तयार गर्ने।

**७.२. प्रदेश प्रहरीको गठन गर्ने (रणनीति ६.२ सँग सम्वन्धित)**

१. प्रदेश भित्र आवश्यक सँगठनहरु बारे अध्ययन गरी आवश्यक प्रहरी इकाईहरु स्थापना गर्ने,

२. यसरी संगठन संरचनाको विस्तार गर्दा जनसंख्या र भूगोललाई आधार मान्ने,

३. एक प्रहरी बराबर ३५० जनताको अनुपातमा प्रहरीको संख्या निर्धारण गर्ने,

४. पालिकाको प्रत्येक वडामा कम्तीमा पनि एउटा प्रहरी इकाई स्थापना गर्ने।

**७.३. प्रदेश स्थित सुरक्षा निकायहरुको क्षमता विकास गर्ने (रणनीति ६.३ सँग सम्वन्धित)**

१. प्रदेश प्रहरीको क्षमता विकासको लागि आवश्यक सेवा प्रवेश, सेवाकालीन तथा विशेष तालिमको व्यवस्था गर्ने,

२. प्रदेश मातहतका सबै प्रहरी इकाईहरुको लागि कार्यालय भवन, ब्यारेक, लगायत आवश्यक पूर्वाधार निर्माण गर्ने

३. प्रदेश भित्र सडक संजालसँग जोडिएका प्रहरी इकाईहरुमा सवारीसाधनको व्यवस्था गर्ने,

४. प्रदेश प्रहरीको लागि आवश्यक बन्दोवस्थी को व्यवस्था गर्ने।

**७.४. प्रदेश भित्र शान्ति सुव्यवस्था र सुशासनको प्रत्याभूति गर्ने (रणनीति ६.४ सँग सम्वन्धित)**

१. प्रदेशको शान्ति सुव्यवस्थाको नियमित समिक्षा गर्ने,

२. प्रदेशको शान्ति सुव्यवस्थालाई असर गर्ने तत्वहरु पहिचान गरी अभिलेखीकरण गर्ने,

३. प्रदेश सिमा, नाका, बजार, औद्योगिक क्षेत्र, विकास आयोजना, विशिष्ट व्यक्ति हरुको निवास, तथा संवेदनशिल कार्यालयहरुको नक्सांकन गरी अभिलेखीकरण गर्ने,

४. प्रदेश भित्रको प्राकृतिक स्रोतको दोहन हुन नदिने व्यवस्था गर्ने,

५. हुलदंगा तथा भिड नियन्त्रण गर्न र हल्ला व्यवस्थापनको आवश्यक पूर्वतयारी गर्ने,

६. साना हतियार र विष्फोटक सामग्रीको नियन्त्रण गर्न विशेष योजना तयार गरी कार्यान्वयन गर्ने,

७. सुरक्षा निकायबाट प्रदान गरिने सेवा प्रवाहलाई पारदर्शी गर्ने,

८. सबै प्रहरीले आफ्नो आचरणको पालना गर्ने,

९. आर्थिक अनुशासन कायम गर्ने र भ्रष्टाचारमा शून्य सहनशिलताको नीति अवलम्वन गर्ने।

**७.५. संघ, प्रदेश र स्थानीय सुरक्षा निकायहरुबीच सहकार्य, समन्वय र सहअस्तित्व कायम गर्ने (रणनीति ६.५ सँग सम्वन्धित)**

१. प्रदेश भित्र कार्यरत सुरक्षा निकायहरु बीच सूचनाको संजाल निर्माण गर्ने,

२. सबै सुरक्षा निकायहरुले आ-आफ्नो कार्यक्षेत्र भित्र रहेर शान्ति सुव्यवस्थाको लागि समन्वय र सहकार्य गर्ने,

३. शान्ति सुव्यवस्था कायम गर्दा प्रचलित कानून अनुसार चेन अफ कमाण्डको पालना गर्ने,

४. शान्ति सुव्यवस्था कायम गर्ने कार्यमा संघ, प्रदेश, स्थानीय प्रशासन र स्थानीय सुरक्षा निकायहरु सँग समन्वय र सहकार्य स्थापना गर्ने।

**७.६. सीमा सुरक्षा कायम गर्ने(रणनीति ६.६ सँग सम्वन्धित)**

१. अन्तराष्ट्रिय र प्रदेश सिमा, नाका र सडकको नक्सांकन गर्ने,

२. अन्तराष्ट्रिय सिमा सुरक्षा व्यवस्था गर्ने,

३. सिमा क्षेत्र भित्र हुन सक्ने अपराध (cross border crime) नियन्त्रण गर्न विशेष सुरक्षा व्यवस्था गर्ने,

४. प्रदेशको सिमा नाकामा हुन सक्ने अपराध नियन्त्रणको उचित व्यवस्था र आवश्यक समन्वय कायम गर्ने,

**७.७. संगठित अपराधको नियन्त्रण गर्ने (रणनीति ६.७ सँग सम्वन्धित)**

१. संगठित अपराध नियन्त्रण गर्न प्रदेश अनुसन्धान व्युरोको स्थापना गर्ने,

२. प्रदेश भित्र हुन सक्ने लागु औषध, मानव बेचबिखन तथा साना हतियार नियन्त्रण गर्न व्यूरोले विशेष सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्ने,
३. प्रदेश अनुसन्धान व्यूरो र अन्य सुरक्षा निकाय बीच समन्वय र सहकार्य स्थापना गर्ने,
४. नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान व्यूरो र प्रदेश अनुसन्धान व्यूरो बीच सांगठनिक अपराध नियन्त्रण गर्न समन्वय र सहकार्य गर्ने,
५. प्रदेश अनुसन्धान व्यूरोको कार्य निर्देशिका तयार गरी कार्यान्वयन गर्ने,
६. प्रदेश अनुशन्धान व्यूरोलाई आवश्यक उपकरणहरुको व्यवस्था गर्ने।

**७.८. औद्योगिक क्षेत्र र विकास आयोजनाहरुको सुरक्षा व्यवस्थापन गर्ने (रणनीति ६.८ सँग सम्वन्धित)**

१. प्रदेश भित्रको औद्योगिक प्रतिष्ठान, उद्योग, , कलकारखाना र विकास आयोजनाको नक्सांकन गर्ने,
२. औद्योगिक प्रतिष्ठान र विकास आयोजनाहरुको सुरक्षा व्यवस्थाको नियमित अनुगमन र आवश्यक सुरक्षा व्यवस्था गर्ने,
३. प्रदेश भित्रको औद्योगिक प्रतिष्ठान, उद्योग, कलकारखानामा र विकास आयोजनामा गुण्डा गर्दीलाई नियन्त्रण गर्ने।

**७.९. प्रदेश भित्र विपद् व्यवस्थापन गर्ने (रणनीति ६.९ सँग सम्वन्धित)**

१. प्रदेश मन्त्रालयले प्रदेश भित्र आपतकालिन कार्य सन्चालन केन्द्रको स्थापना गर्ने,
२. प्रदेश भित्र हुन सक्ने विपद् जोखिम क्षेत्रहरुको पहिचान गरी नक्सांकन गर्ने,
३. सबै सुरक्षा निकायहरुले प्रतिकार्य योजना तयार गर्ने,
४. विपदको सामना गर्न सवै सुरक्षा निकायहरुले आवश्यक पूर्व तयारी गर्ने,
५. खोज तथा उद्धारको लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने,
६. सवै सुरक्षा निकायहरुले विपद् पूर्व अभ्यास गर्ने।

**७.१० अधिकार मुखी अवधारणाको प्रवर्द्धन गर्ने (रणनीति ६.१० सँग सम्वन्धित)**

१. लैंगिक हिंसा सम्बन्धी सचेतना अभिवृद्धि गर्ने,
२. लैंगिक हिंसाका पिडितको सुरक्षाको सुनिश्चितता गरी निःशुल्क कानूनी सहायता प्रदान गर्ने व्यवस्था मिलाउने,
३. बालबालिकाको हक अधिकारको सुनिश्चितता गरी प्रवर्द्धन समेत गर्ने,
४. उजुरीलाई सूचना प्रविधि मार्फत सम्बोधन गर्ने प्रणालीको विकास गर्ने,
५. लैंगिक हिंसा नियन्त्रण, ज्येष्ठ नागरिकको अधिकार, बालबालिकाको हक अधिकार सम्बन्धमा बनेका राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरुको व्यावहारिक कार्यान्वयन गर्ने।

**७.११. मानव अधिकारको संरक्षण गर्ने (रणनीति ६.११ सँग सम्वन्धित)**

१. प्रदेश भित्र सुरक्षा कारवाही गर्दा मानव अधिकारको उच्च सम्मान गर्ने,
२. मानव अधिकारको उपयोग गर्न वातावरण तयार गर्ने,
३. मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्न मानव अधिकारवादी संघ सस्थाहरुसँग सहकार्य गर्ने,
४. मानव अधिकारका उल्लंघनका घटना भएमा तत्काल कानूनी कारवाही गरी पिडितलाई क्षतिपूर्ति दिलाउन पहल गर्ने।

**७.१२. प्रदेश भित्र ट्राफिक व्यवस्थापन र सवारी दुर्घटना न्यूनीकरण गर्ने(रणनीति ६.१२ सँग सम्वन्धित)**

१. प्रदेश भित्रका सडकहरुको नक्सांकन गर्ने,
२. सवारी दुर्घटना न्यूनीकरणको लागि योजना तर्जुमा गरी लागू गर्ने,
३. दुर्घटना हुन सक्ने क्षेत्रहरु पहिचान गरी नक्सांकन गर्ने र राजमार्गहरुमा होर्डिङ्ग बोर्डहरु राख्ने सम्बन्धमा सम्वन्धित निकाय र स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,
४. सवारी चालकहरुलाई सवारी दुर्घटना बारे अभिमुखिकरण कार्यक्रम संचालन गर्ने,

५. सडकको मर्मत संभारको लागि सम्वन्धित निकायहरुसँग समन्वय गरी सडक मर्मत कार्य गर्न लगाउने,
६. सवारी दुर्घटना वारे विद्यालय र स्थानीय समुदायमा सचेतना कार्यक्रम सन्चालन गर्ने।

**७.१३. प्रविधियुक्त सुरक्षा व्यवस्था कायम गर्ने(रणनीति ६.१३ सँग सम्वन्धित)**

१. प्रदेश भित्र शान्ति सुव्यवस्था कायम गर्ने कार्यमा उच्चतम आधुनिक प्रविधिको प्रयोग गर्ने,
२. प्रदेशका मुख्य मुख्य शहरी क्षेत्रमा सि. सि. टि. भि. जडान गर्ने,
३. प्रदेश भित्रका राजमार्गहरुमा क्रमशः सि. सि. टि. भि. जडान गर्ने,
४. प्रदेश र जिल्लास्तरीय सुरक्षा निकायहरुले आ-आफ्नो वेबसाईट संचालन गर्ने,
५. सबै सुरक्षा निकायहरुले इमेल मार्फत् प्रतिवेदन गर्ने व्यवस्था गर्ने,
६. सुरक्षा निकायहरुवाट प्रवाह हुने सेवाहरु र आवश्यक कागजातहरु वेब साइटमा राख्ने व्यवस्था गर्ने,
७. सेवा प्रवाह अनलाईन लिने दिने व्यवस्था गर्ने,
८. सुरक्षासँग सम्वन्धित सन्देशमूलक सूचनाहरु आ-आफ्नो वेबसाईटमा राखी सूचना प्रवाह गर्ने।

**७.१४. अधिकृत मूलक सुरक्षा प्रशासन प्रवर्द्धन गर्ने (रणनीति ६.१४ सँग सम्वन्धित)**

१. सबै सुरक्षा निकायहरुले आफ्नो दैनिक प्रशासनिक कार्य अधिकृतमूलक बनाउने,
२. आ-आफ्नो क्षेत्रको शान्ति सुरक्षाको जिम्मेवारी सम्वन्धित सुरक्षा इकाईको प्रमुख हुने व्यवस्था गर्ने,
३. आ-आफ्नो क्षेत्रको शान्ति सुरक्षाको खटन पटन गर्ने कार्य अधिकृतमूलक बनाउने।

**७.१५. सुरक्षा निकाय र स्थानीय समुदाय वीच सम्वन्ध विकास गर्ने (रणनीति ६.१५ सँग सम्वन्धित)**

१. प्रदेश भित्रका सुरक्षा निकाय र स्थानीय समुदाय वीच विश्वास र सुमधुर सम्वन्ध सिर्जना गर्न समुदाय लक्षित कार्यक्रमहरु संचालन गर्ने,
२. सामुदायिक प्रहरी, प्रहरी मेरो साथी जस्ता कार्यक्रमलाई सबै पालिकाहरुका वडा तहसम्म विस्तार गर्ने,
३. समय समयमा समुदायमा सन्देशमूलक सूचनाहरु प्रवाह गर्न सचेतना कार्यक्रमहरु संचालन गर्ने,
४. समय समयमा स्थानीय स्तरमा रहेका सुरक्षा निकायहरुले सार्वजनिक सुनुवाईको व्यवस्था गरी समुदायवाट प्राप्त उचित सुझावहरु कार्यान्वयन गर्ने,
५. स्थानीय समुदायका ज्येष्ठ नागरिक, महिला, अपाङ्ग, असहाय तथा सडक वालवालिकको हकहित संरक्षणमा सहयोग पुर्याउने।

**८. रणनीतिको कार्यान्वयनः**

नेपाल सरकार, प्रदेश सरकार, सुरक्षा निकाय र स्थानीय तहसँगको समन्वय र सहकार्यमा आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट यो रणनीतिको कार्यान्वयन गरिनेछ।

**९. उपसंहारः**

संवैधानिक प्रावधान बमोजिम गठन हुने प्रदेश प्रहरीलाई संरचनात्मक हिसाबले उपयुक्त, श्रोत साधन र दक्षता सहित उच्च मनोबलयुक्त बनाई गण्डकी प्रदेशमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग पुग्नेछ। प्रदेश प्रहरीबाट हुने सेवा प्रवाहलाई नागरिकमैत्री बनाई प्रहरी र नागरिकका बीचमा विश्वासको वातावरण विकास गरी मानव अधिकारको संरक्षण गर्न सकिने देखिन्छ। सहकार्य, समन्वय र सहअस्तित्व कायम गर्दै समग्रमा प्रदेशको आन्तरिक सुरक्षा रणनीति कार्यान्वयन गरी यसले लिएको सोच, लक्ष्य र उद्देश्य परिपूर्ति हुने अपेक्षा गरिएको छ।